सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

# शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्षः ७ अंक ११ २०८२ साल, मंसिर २३ गते मंगलबार Tuesday 9 Dec 2025 मूल्य रू. ५/- पृष्ठ : ४

## बीरगंजबाट युवकलाई भारतीय प्रहरीले अपहरण शैलीमा लग्यो, पर्सा प्रहरी बेखबर



*बीरगंज २२ मंसिर*

पर्सा जिल्लाको सखुवा प्रसौनी गाउपालिका वाडा नं.५ स्थितखजुरिया गाउका मेघ राज साहलाई भारतीय प्रहरीले वीरगन्जस्थित राधेमाइ टोलबाट नेपाली प्रशासनलाई जानकारी नदिई नियन्त्रणमा लिएर भारततर्फ लगेको खुलासा भएको छ ।

स्थानीयवासी र परिवारजनले यस घटनालाई अपहरण शैलीमा गरिएको पक्राउ हो भन्दै विरोध जनाएका छन्।

समाचार स्रोतका अनुसार भारतीय नम्बर प्लेटको थार गाडीमा आएका तीन जना सादा पोशाकधारी भारतीय प्रहरी खजुरिया गाउ हुादै मनवा बजारतर्फ साहको खोजीमा आएका थिए। त्यसपछि उनीहरू वीरगन्ज महानगरपालिका-१३, राधेमाइ टोलस्थित मेघराज साहको घरमै पुगेर उनलाई नियन्त्रणमा लिएर सीधे भारततर्फ लगेका थिए।

परिवारजनका अनुसार, घटनाको समयमा स्थानीय प्रशासनलाई कुनै जानकारी दिइएको थिएन, न त प्रक्रियागत समन्वय नै भएको थियो।

यसअघि भारतमा ५० किलोभन्दा बढी चरेससहित एक व्यक्ति पक्राउ परेका थिए। सो व्यक्तिको बयानका आधारमा मेघराज साहको नाम आरोपमा जोडिएको र यही कारण भारतीय पक्षले उनलाई खोजी गरिरहेको भारतीय स्रोतहरूले बताएको परिवारले दाबी गरेको छ।

तर नेपाली पक्ष यस घटनाबारे अनभिज्ञ रहेको पर्सा प्रहरीले जनाएको छ। पर्सा प्रहरीका प्रवक्ता हरिबहादुर बस्नेतले भने, "घटनाबारे प्रारम्भिक जानकारी प्राप्त भएपछि बुझ्ने काम भइरहेको छ। प्रहरीसाग समन्वयबिनै नागरिक लगिएको हो कि भन्नेबारे जााचबुझ जारी छ," उनले भने।

समन्वयबिनै नेपाली क्षेत्रबाट नागरिक लैजानुले सीमा सुरक्षाप्रति गम्भीर प्रश्न उठेको भन्दै स्थानीयस्तरमा चर्को आलोचना भइरहेको छ।

सीमा क्षेत्रको सुरक्षा प्रणाली, द्विपक्षीय समझदारी र कानुनी प्रक्रियामै चुनौती देखिएको भन्दै नागरिकले चिन्ता व्यक्त गरेका छन्।

## भूमिहीन सुकुम्बासी समस्या समाधानका लागि पहल गर्छु :प्रचण्ड

काठमाडौं : नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले सुकुम्बासी समस्या समाधानका लागि पहल गरिरहेकै अवस्थामा आफनो सरकार ढालिएका कारण समस्याको पूर्ण समाधान गर्न नसकिएको बताएका छन्। नेपाल केन्द्रीय स्तरीय बस्ती व्यवस्थापन समितिको ज्ञापनपत्र बुझ्दै संयोजक प्रचण्डले सो कुरा बताएका छन् ।पछिल्लो सरकारको नेतृत्व गरेको अवधि चितवन,महोत्तरीलगायतका स्थानबाट भूमिहीन तथा सुकुम्बासीका समस्या समाधानको काम सुरू गरिएको भए पनि पछिल्ला सरकारले यसतर्फ आवश्यक पहल नगरेको उनले उल्लेख गरे। उनले समस्या समाधानका लागि पहल लिने प्रतिबद्धता व्यक्त गरे। नेपाल केन्द्रीय स्तरीय बस्ती व्यवस्थापन समितिले देशभरका भूमिहीन तथा सुकुम्बासीको समस्या समाधानका लागि तत्काल पहल गर्न प्रचण्ड समक्ष आग्रह गरेका छन् ।

समितिका अध्यक्ष अजय वैगार सहितको केन्द्रीय कार्यसमितिले सोमबार पार्टी केन्द्रीय कार्यालय,पेरिसडाडामा संयोजक प्रचण्डलाई भेटी ज्ञापनपत्र बुझाएको हो। दीर्घकालीन रूपमा भूमिहीन, सुकुम्बासी तथा विपन्न नागरिकको जीवनस्तर सुधारका लागि राज्यले प्रभावकारी कदम चाल्नुपर्ने भन्दै समितिले त्यसका लागि सक्रिय पहल गरिदिन आग्रह गरेका छन् ।

**शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं**

- दिसापिसाब शौचालयमा मात्र गरौं, खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले हात धोऔं।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।

जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

परवानीपुर गाउँपालिकाको कार्यालय बारा द्वारा जनहितमा जारी सन्देश

## आफना माग राख्दै जनता समाजवादी पार्टी नेपालले दियो पर्सा प्रशासन अगाडि धर्ना

वीरगञ्ज *२२ मंसिर*

वीरगञ्ज । समान जनसंख्याको आधारमा संसदीय-प्रादेशिक निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्ने माग लगायत विभिन्न ३५ सूत्रीय माग राख्दै जनता समाजवादी पार्टी नेपाल पर्साले जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना दिएको छ ।

जसपा नेपाल पर्साले समितिको अगुवाइमा जसपा समर्थिक नेता कार्यकर्ताहरूले जिल्ला प्रशासन कार्यालयको मुलगेट अगाडी धर्नामा बसेको जसपा नेपाल पर्सालेका अध्यक्ष रामनरेश यादवले बताए ।

भौगोलिक रूपमा अत्यन्त विकट रहेको हिमाली क्षेत्रको न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्नु पर्ने, समान जनसंख्याका आधारमा संसदीय प्रादेशिक निर्वाचन क्षेत्र पुन निर्धारण गर्नु पर्ने , प्रदेशमा स्वशासन र संघमा साझेदारी प्रणालीको व्यवस्था गर्नु पर्ने, संविधान संशोधन अथवा पुनरावलोकन गरी राष्ट्रिय-जातीय पहिचानको आधारमा गर्नु पर्ने र राज्य पुनसंरचना उच्च स्तरीय आयोगको सुझाव प्रतिवेदन २०६८ को आधारमा ( १०+१) हुने गरी राज्यको पुर्नसंरचना गर्नु पर्ने माग हाम्रो पार्टीको रहेको जसपा पर्साले जिल्ला अध्यक्ष यादवले उल्लेख गरे । यसैगरी दलित र महिलाहरूको छुट्टै आरक्षित संसदीय-प्रादेशिक निर्वाचन क्षेत्रको व्यवस्था, पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागु, जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणालीको व्यवस्था, समानुपातिक समावेशी प्रतिनिधित्व हुने संसद्को व्यवस्था, राष्ट्रिय सभालाई प्रादेशिक जनस[illegible]्याको आधारमा समानुपातिक समावेशी हुने गरी बनाउनु पर्ने माग रहेको उनले बताए । यसैगरी स्थानीय तहलाई प्रादेशिक क्षेत्राधिकारको व्यवस्था, स्थानीय तहको निर्वाचन गैर-दलीय आधार चयन, राज्यद्वारा सेवा सुविधा, अवसर, साधन स्रोत, सत्ता र शक्तिको पहुाचमा समानुपातिक प्रतिनिधित्व र सामाजिक न्यायको व्यवस्था, जेनजी (युवा पुस्ता) आन्दोलनका दौरान उठाएका न्यायोचित माग र मुद्दाहरूको सम्बोधन, जेनजी विद्रोहलाई दबाउन सरकारले गरेको दमनका कारण हिंसा, हत्या, आगजनी जस्ता क्रियाकलापको छानबिन गरी कानुन बमोजिम कारबाही, अल्पसंख्यक समुदायका लागि स्वायत्त क्षेत्र, संरक्षित र विशेष क्षेत्रको निर्धारण, भ्रष्टाचार नियन्त्रण, सुशासन र पारदर्शिता, भ्रष्टाचारीहरूलाई कानन बमोजिम कारबाही गर्नु पर्ने लगायतको मागहरू पनि जसपा नेपालको रहेको अध्यक्ष यादवले जानकारी दिए ।

## अमेरीकी संस्था (मा)द्वारा सामुदायिक विद्यालय जमुनियाका विद्यार्थीलाई झोला वितरण

*शुभम सन्देश,*
*सिम्रौनगढ २२मंसिर*

बाराको आदर्श कोतवाल गाउपालिका १ जमुनिया स्थित श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई झोला वितरण गरिएको छ ।

मधेशी एसोशिएसन इन अमेरीकाका केन्द्रीय कमिटीको सहयोग तथा बिधालय ब्यवस्थापन समितिको समन्वयमा विद्यार्थीहरुलाई झोला वितरण गरिएको छ । पठनपाठनमा टेवा पुग्ने उद्देश्यले सो झोला वितरण गरिएको आयोजक संस्थाले जनाएको छ ।गरिब, दलित तथा जेहेन्दार विद्यार्थीहरुलाई हातमै किताब बोकेर विद्यालय आउनुपर्ने बाध्यता विद्यालयका विद्यार्थीहरुलाई टरेको छ। अब देखि यी बालबालिकाको पठनपाठन सहज हुने विश्वास रहेको प्रमुख अतिथि शिक्षक केदारको तर्क रहेको छ।



सामाजिक, आर्थिक रुपमा कमजोर तथा पछाडि पारिएका समुदायका बालबालिकाहरु सिकाइको वातावरण सिर्जनामा सहजताको लागि झोला सहयोग गरिएको आयोजक संस्थाका अध्यक्ष मनोज सिंहले बताए । सिंहका अनुसार एकता र भावनात्मक रूपमा अडिग रहेर शिक्षा, स्वास्थ्य, संस्कृति, कृषि र सामाजिक विषयलाई विकासमा रूपान्तरण गर्दै अगाडि बढ्नु आजको आवश्यकता रहेको बताए। शिक्षाको गुणस्तर सुधार भए देशमा दक्ष जनशक्तिको उत्पादन हुन्छ र यस्ता कार्यमा हामी सबैले जुटेर काम गर्नुपर्नेमा जोड दिँदै सहयोगी संस्थाका प्रवक्ता प्रमोद गुप्ताले अगामी दिनमा पनि यस किसिमको सहयोग जारी रहने प्रतिबध्ता गरे ।

" मा" संस्थाले प्रवासमा बस्ने मधेशीहरुको हकहितका लागि काम गर्नुका साथै मधेसमा बिभिन्न आपतकालीन समयमा निरन्तर सहयोग गर्ने काम गर्दै आएको छ। सो संस्थाले मधेशको रीती रिवाज, परम्परा, संस्कृति संरक्षण गर्ने जस्ता कार्यहरु गर्दै अएको छ। बिधालयमा अध्यनरत जम्मा २ सय ३६ बालबालिकालाई झोला वितरण गरिएको उक्त बिधालयका ब्यवस्थापन समितिका अध्यक्ष नूर आलम बादशाहले जानकारी गराए। हातमा कपिकिताब बोकेर आएका विद्यार्थीहरु झोलामा राखेर घर फर्किएपछि आफूलाई खुशीको अनुभूती भएको उनले उल्लेख गरे । झोला पाएपछि विद्यार्थीहरु पठनपाठन तर्फ थप आकर्षित हुने विद्यालयका प्रधानाध्यापक सुरेश पंडितको विश्वास रहेको छ । आगामी दिनहरुमा पनि यस्तै किसिमको सहयोग प्राप्त भइरहोस भन्ने अपेक्षा प्र अ पडिंत ले राखेका छन् । उक्त कार्यक्रमको अध्यक्षता गरेका आदर्श कोतवाल गाउपालिका वडा नम्बर १ का वडा अध्यक्ष सुनील प्रसाद कुशवाहाले हाल सामुदायिक बिद्यालयहरु प्रति घट्दै गएको अभिभावकहरुको रुचि घटदै गइ रहेको बेलामा यस्ता किसिमको सहयोगबाट बिद्यार्थीहरु लाभान्वित हुदा अभिभावक वर्गको पनि सामुदायिक बिद्यालयप्रति आकर्षण बढ्ने विश्वास व्यक्त गरे बालबालिकलाई नियमित रूपमा बिधालयमा पठाईदिन आग्रह गर्दै वाडा अध्यक्ष कुशवाहाले छिटै बिधार्थीहरुका लागि खेलकूद सामग्री बितरण गर्ने जानकारी दिनुभयो।

सो कार्यक्रममा आदर्श कोतवाल गाउपालिका वडा नम्बर ८ का वडा सदस्य शिव नारायण साह, बिधालय ब्यवस्थापन समिति सदस्य फागुनी मुखिया, शेख सरफुदीन, पार्वती देवी, शिक्षक नवल किशोर साह, मणि लाल लगायतका अभिभावकहरुको समेत उपस्थिती रहेको थियो ।

बाँकी तेस्रो पृष्ठमा

प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकार: परमहंस केशरी, राजेन्द्र कुशवाहा
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस
कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९,९८५५०४५५५२, ०५३५५१४५७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

भुकम्पबाट बच्ने उपायहरु................

-घर ,पुल तथा अन्य संरचना बनाउदा भुकम्प प्रतिरोधी बनाऔ ।
-घर वरिपरी तथा सार्वजनिक स्थललाई खुल्ला राखौ ।
-भुकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

बिश्रामपुर गाउपालिकाको
कार्यालय , बारा

## सम्पादकिय..........

# निर्वाचनको विकल्प छैन

फागुन २१ गतेका लागि घोषित आमनिर्वाचनको प्रयोजनकै निम्ति बुधबारसम्म ८४ दल दर्ता हुनु सुखद पक्ष हो, यो निर्वाचनका मुख्य खेलाडी दलहरू तयार छन् भन्ने मूल सन्देश हो। निर्वाचनका लागि धेरै तत्व आवश्यक हुन्छ। मतदाता र दलहरू नै तयार नभए निर्वाचनको अर्थ हुँदैन। त्यसपछि चाहिँ सरकारको भूमिका निर्वाचन सम्पन्न गराउन निर्वाचन आयोगलाई सहयोग गर्नुहुन्छ।

पहिलो त, यसबीचमा ८ लाख ३७ हजार मतदाता थपिनु चानेचुने कुरा होइन। जेन–जी आन्दोलनपछि नयाँ सुव्यवस्था कायम होस् भन्ने युवा जमात मतदानका लागि तयार देखिएको छ, त्यसैले आफूलाई मतदाताका रूपमा दर्ता गराएको छ। अनि निर्वाचनका मुख्य खेलाडी दलहरू पनि चुनावमा होमिनका लागि दर्ता भएका छन्। संसद् पुनर्स्थापनाको माग उठाइरहेको एमालेले समेत निर्वाचन प्रयोजनका लागि आयोगमा दर्ता भइसक्यो। २०६४ र २०७० सालका निर्वाचनको जस्तो उत्साह दल दर्ताले देखाएको छ। ऊ बेला संविधानसभाबाट संविधान बनाउने उत्साह थियो, यसपालि मुलुकलाई सुशासनको बाटोमा लैजाने मक्सद धेरैले राखेका जो छन्।

निर्वाचनका लागि मतदाता र दलहरू तयार भइसकेपछि शान्तिसुरक्षा महत्वपूर्ण पाटो हो। निर्वाचन केवल मत हाल्ने प्रक्रिया होइन, यो निष्पक्ष, धाँधलीरहित र शान्तिपूर्ण हुनुपर्छ। यी निर्वाचनमा सम्झौता गरिनु नहुने सर्त हुन्। त्यसैले अब सरकारको काँधमा जिम्मेवारी छ, शान्ति सुरक्षाको प्रत्याभूति गराउने। जेन–जी आन्दोलनमा भागेका कैदी धमाधम फिर्ता ल्याउने काममा सरकारले युद्धस्तरकै काम गर्नुपर्छ। हतियार फर्काउन सक्नुपर्छ, ती निर्वाचनका बेलामा चुनौती नबनून्। अर्कोतिर दलहरूसँगको संवाद सरकारले केही त गरेकै छ, त्यसलाई बाक्लो बनाउनुपर्छ। गएको चुनावबाट प्रमुख दलहरूका रूपमा स्थापित नेताहरूका पार्टीका प्रमुखहरूसँग पनि प्रधानमन्त्रीको सीधासिधी संवाद जरुरी छ। निर्वाचनलाई निर्वाचन आयोग वा सरकारको मात्रै जिम्मेवारी ठान्न र मान्न मिल्दैन, दलहरूको भूमिका उत्तिकै अहम् हुन्छ। उनीहरूले स्वच्छ प्रतिस्पर्धा गरिदिँदामात्रै निर्वाचन धाँधलीरहित र शान्तिपूर्ण हुन्छ । सरकार प्रमुखले ‘प्रमुख’ दलका प्रमुख नेताहरूको विश्वास अझै जित्न चाहिँ बाँकी देखिन्छ। त्यसका लागि प्रधानमन्त्री सुशीला कार्कीको अग्रसरता आवश्यक छ ।

निर्वाचन केवल प्राविधिक प्रक्रियामात्र होइन। यो लोकतन्त्रको प्राण हो। शान्तिपूर्ण रूपमा सत्ताको हस्तान्तरण निर्वाचनबाट हुन्छ। यही विधिको स्थापना गर्दा नै लोकतन्त्र बलियो हुन्छ। सरकारले त्यसै कुरालाई मनन गर्नुपर्छ। सुरक्षाको विषय सबैभन्दा पेचिलो हो भन्ने सरकारले बुझ्नुपर्छ। त्यसका लागि प्रहरीको मनोबल उकास्नु पर्छ। पछिल्लो समय निश्चित दल विरोधी गतिविधि जुन भइरहेका छन्, त्यसले राम्रो संकेत गर्दैन। सभा सम्मेलन गर्न पाउने हक कसैको पनि छिनिनु हुँदैन। बिथोल्न खोज्नु लोकतन्त्र विरोधी कर्म हो। त्यसलाई रोक्न सरकारको भूमिका आवश्यक छ । शान्ति सुरक्षा भनेको प्रहरी, म्यादी प्रहरी वा सेनाबाट मात्रै हुने होइन, मतदाता र दलहरूबाटै हुनुपर्छ ।

फौज भनेको सहायक पक्ष हो, मुख्य कुरा नागरिकहरू शान्तिकामी हुनुपर्छ। दलहरू पनि। दल निर्वाचन विरोधी आगोमा घिउ थप्न जोजो उद्यत् भएर दलविरोधी वा नेता विरोधी गतिविधि गरिरहेका छन्, तिनीहरूमाथि कारबाही हुनुपर्छ। किनभने निर्वाचन नै मुलुकको राजनीतिक निकासको सबैभन्दा महत्वपूर्ण मार्ग हो। यसको विकल्प छैन। प्रधानमन्त्री सुशीला कार्कीको प्रतिष्ठाको विषय होइन यो, यो त मुलुककै भविष्यको संवेदनशील विषय हो। तसर्थ सबैले अर्जुनदृष्टि निर्वाचनमा लगाएर मुलुकलाई उज्यालो भविष्यतिर डोऱ्याउनुपर्छ। त्यसका लागि सबैको भूमिका आवश्यक छ। सबै पक्ष गम्भीर भएर लाग्नुपर्छ। अन्यथा फागुन २१ को निर्वाचन अर्को राजनीतिक नाटकमा परिणत हुनेछ ।

# ओलीलाई अतिवादको संज्ञा दिदै ईश्वर : अतिवाद स्थिरता होइन, पतनको सुरुवात हो

काठमाडौं, मंसिर २२। नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले जेन जी आन्दोलनको विषयलाई लिएर पार्टी अध्यक्ष केपी शर्मा ओलीले लिइरहेका अडानलाई अतिवादको संज्ञा दिँदै पतनको सुरुवात भएको निष्कर्ष निकालेका छन् ।

पार्टीको ११औं महाधिवेशनका लागि पोखरेलले तयार पारेको अवधारणापत्रमा उनले न्भलश विद्रोहलाई दुई अतिवादी दृष्टिकोणबाट हेरिएको र त्यसमा मुलुकमा सबै ठीकठाक छ भन्ने केपी ओलीपक्ष पनि अतिवादी रहेको उल्लेख गरिएको छ ।

जेन जी आन्दोलन र विध्वंसक आक्रमणपछि दुई थरीका अतिवादी विचारहरू प्रस्तुत भएका भन्दै पोखरेलले अवधारणापत्रमा उल्लेख गरेका

देशमा केही हुँदै भएन, राजनीतिक दलहरू, नेता सबै खराब र उस्तै हुन्, जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने सबैभन्दा सर्वोच्च संस्था संसदसमेत औचित्यहीन भयो।' खासमा हाम्रा कमजोरीहरूमाथि टेकेर उनीहरूले संविधान र व्यवस्थालाई कमजोर बनाउने प्रयास गरि रहेका छन् । हाम्रो संविधान र व्यवस्था भत्काएर नेपालको स्वतन्त्रता, सार्वभौमिकता, राष्ट्रिय एकता र स्वाभिमानलाई कमजोर बनाउन एउटा अतिवाद सक्रिय छ । यो विचार हाम्रो राष्ट्र, संविधान र व्यवस्थाविरोधी अतिवाद हो । अर्को अतिवादी टिप्पणी छ, 'हामीले राम्रो गरिरहेका थियौं । हाम्रा आर्थिक परिसूचकहरू क्रमश: सुधारको बाटोमा थिए । भौतिक संरचनाहरू धमाधम बन्दै थिए । तिनै तहको आवधिक निर्वाचन भइरहेका थिए ।' अर्थात् 'जे भइरहेको छ त्यो सब ठिकठाक थियो, जे गरिरहेका थियौं गजब गरिरहेका थियौं ।' आज जे भयो त्यो हाम्रो कारणले होइन केवल देशी-विदेशी प्रतिक्रियवादी'हरूको षड्यन्त्रको कारण भयो भन्ने टिप्पणी भइरहेको छ। आजको अवस्थासँग हाम्रा सीमा, कमजोरी र असफलताको कुनै सम्बन्ध नदेख्नु अर्को अतिवाद हो । वर्तमान अवस्था र इतिहासको वस्तुनिष्ठ समीक्षा नगरी भविष्यको मार्गचित्र निर्माण सम्भव छैन । कमरेड लेनिनले भने जस्तो 'सब ठिक छ भन्ने अतिवाद स्थिरता होइन, पतनको सुरुवात हो । यो विचार हाम्रो सुन्दर भविष्यको बाधक र अवरोधक हो । हामी दुवैखाले अतिवादी विश्लेषणबाट मुक्त हुनु जरुरी छ । भाद्र २३ र २४ गतेका घटनाको अलग अलग ढंगले बस्तुगत तथा तथ्यपरक ढंगले निश्पक्ष छानविन गरी दोषी उपर कानूनी कारवाही गरिनु पर्दछ।

पोखरेलले नयाँ पुस्ता सहभागिता जस्ता अत्यन्तै सान्दर्भिक माग राख्दै सडकमा आएको र यी मागहरू नेपाली राज्य व्यवस्थालाई जनमुखी र जनउत्तरदायी बनाउन उन्मुख रहेको विश्लेषण गरेका छन् ।

पोखरेलले शान्तिपूर्ण प्रदर्शनका रूपमा सडकमा आएका नवयुवाहरूमाथि भदौ २३ गते अपराह्नपश्चात् एक्कासी दमन भएको र त्यसले २४ गतेको विध्वंश सिर्जना गरेको भनेका छन् । 'कसरी, कहाँबाट भयो ? त्यो खोजी हुने नै छ । उक्त दिनको घटनाबाट आम जनसमुदायमा आक्रोश पैदा हुन पुग्यो,' उनले अवधारणापत्रमा उल्लेख गरेका छन्।

जाडोको समयमा चिसो बाट बचौ ।

- जाडो बाट बच्न तातो, पोषिलो तथा झोलिलो खाने कुरा खाऔं ।
- न्यानो कपडा लगाऔं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं ।
- बालबालिकालाई तेल मालिस गरिदिऔं ।
- बढी चिसोमा मर्निङ्ग वाक नगरौं ।
- चिसोमा बाहिर हिड्दा बाक्लो कपडा लगाऔं ।
- दैनिक घाम ताप्ने गरौं ।

करैयामाई गाउँपालिकाको कार्यालय ,करैया ,बारा

नेपाल आयल निगम,मधेश प्रदेश प्रादेशिक कार्यालय, अमलेखगञ्ज बाराको जनहितमा जारी सन्देश ।।।

नेपाल आयल निगम लिमिटेड
Nepal Oil Corporation Limited
प्रादेशिक कार्यालय, अमलेखगञ्ज
जनहितमा जारी सन्देश

इन्धनको चुहावट र दुरुपयोग नगरौं । राज्यप्रति जवाफदेही र इमान्दार बनौं ।
पेट्रोलियम पदार्थमा मिसावट कानुनी अपराध हो । मिसावट नगरौं ।
शुद्धता, सुरक्षा र वातावरण संरक्षणमा सबैले ध्यान दिने गरौं ।

छन् ।

## जिनमत संग्रह गर्न दुर्गा प्रसाईंको माग, प्रधानमन्त्री कार्कीले पुस २ गते निर्णय सुनाउने



काठमाडौं : मेडिकल व्यवसायी दुर्गा प्रसाईंले जनमत संग्रहको माग गरेका छन्। प्रधानमन्त्री सुशीला कार्कीलाई भेटेर उनले जनमत संग्रहको माग गरेका हुन्।

त्यस सम्बन्धमा प्रधानमन्त्री कार्कीले पुस २ गते निर्णय सुनाउने प्रसाईंले जानकारी दिए ।राजसंस्था पुनःस्थापनाका लागि हामीले जनमत संग्रह गर्न माग गरेका छौं। प्रधानमन्त्रीज्युले त्यस विषयमा पुस २ गते निर्णय सुनाउने भन्नुभएको छ, प्रसाईंले भने। उनले प्रधानमन्त्री कार्कीले उक्त विषयमा निर्णय सुनाउन नसके देशमा चुनाव नहुने बताए। उनले ०६२-६३ को जनआन्दोलनको म्यान्डेट संघीयता र धर्मनिरपेक्षता नरहेको बताउदै उनले सर्वदलीय हिसाबले जनमत संग्रहमा जानुपर्ने बताए।उहा ( प्रधानमन्त्री)ले निर्णय सुनाउन सक्नुभएन भने चुनाव हुादैन। उहाले कसरी चुनाव गराउनुहुन्छ?, प्रसाईंले प्रश्न गरे। भेटमा प्रसाईंले प्रधानमन्त्री कार्कीलाई दूर्गाको मूर्ति उपहार दिएका थिए।

## पत्रकार सुरेश रजकलाई सहिद घोषणा गर्ने सरकारको निर्णय

काठमाडौा : स्वर्गीय पत्रकार सुरेश रजकलाई सरकारले सहिद घोषणा गर्ने निर्णय गरेको छ । गत चैत १५ गते तीनकुने घटनामा समाचार सक्तलनका क्रममा ज्यान गुमाएका रजकलाई सरकारले सहिद घोषणा गर्ने निर्णय गरेको छ ।

सोमवार बसेको मन्त्रिपरिषद्को बैठकले उक्त निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी गराए

## जेनजी आन्दोलनका क्रममा सिन्धुलिका सरकारी कार्यलयमा तेडफेड रआगजनी गर्ने १५ जना पक्राउ

**सिन्धुली मंसिर** २२। जेनजी आन्दोलनका क्रममा सिन्धुलीका सरकारी कार्यालयहरूमा तोडफोड र आगजनी गर्नेमध्ये १५ जनालाई प्रहरीले पक्राउ गरेको छ। गत भाद्र २३ र २४ गते देशैभरी भएको जेनजी आन्दोलनका क्रममा सिन्धुलीमा पनि झण्डै एक दर्जन सरकारी कार्यालयमा तोडफोड र आगजनी गरिएको थियो।

उक्त विध्वंसमा संलग्न मध्ये हालसम्म १५ जनालाई नियन्त्रणमा लिएर अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालयले जनाएको हो। कार्यालयमा सोमबार पत्रकार सम्मेलन आयोजना गर्दै सिन्धुलीका प्रहरी प्रमुख लालध्वज सुवेदीले सरकारी सम्पति माथि तोडफोड र आगजनी गर्ने, लुटपाट गर्ने मध्ये हालसम्म १५ जनालाई नियन्त्रणमा लिएर अनुसन्धान थालिएको जानकारी दिएका गराएका छन्।

पक्राउ पर्नेहरूमा कमलामाई नगरपालिका ६ का वर्ष २० का सुजन साह, सोही ठाउाका वर्ष ३६ का रत्नबहादुर श्रेष्ठ, कमलामाई नगरपालिका ५ का वर्ष ४७ का फौद थापामगर, तीनपाटन गाउपालिका ४ का वर्ष ३० का सुजन गौतम, रामनगर गाउापालिका ६, सर्लाहीका वर्ष २५ का पपु कुमार साह, कमलामाई नगरपालिका ५, सिन्धुलीका वर्ष २७ का रबन चौधरी, कमलामाई नगरपालिका १२ का वर्ष ३१ का क्षितिज श्रेष्ठ रहेका छन्।

यस्तै कमलामाई नगरपालिका ४ का वर्ष २४ का सविन लामा, गौशला नगरपालिका २, महोत्तरीका राजु महरा, भारत देश सितामढी जिल्ला घर भई हाल कमलामाई नगरपालिका ६ धुराबजार बस्ने वर्ष २२ का देवनंदन साह, कमलामाई नगरपालिका १२ का वर्ष २३ का डोर बहादुर सार्की, तीनपाटन गाउापालिका ११ का वर्ष २५ का होम बहादुर लु□ली, कमलामाई नगरपालिका ८ का ३४ वर्षका ओम बहादुर खत्री, मरिण गाउापालिका ७ घरभई हाल कमलामाई नगरपालिका ४ धुराबजार बस्ने वर्ष ३० का कमल पाखिन र बर्दिबास नगरपालिका १४, महोत्तरीका ३५ वर्षिय हरिचन सोनार छन्।

## जनहितको लागी जारी गरिएको सन्देश

- व्यक्तिगत घटना (जन्म, विवाह, सम्बन्ध विच्छेद, बसाईसराई) सम्बन्धि वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं ।
- जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिक प्रति जिम्मेवार बनौं ।
- आफ्नो वरिपरी गाउँ टोलमा भएको विकास निर्माणसम्पन्न कार्यको निगरानी गरौं ।
- मालपोत लगायत दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
- पढ्ने उमेरका बालबालिकालाई काममा होइन विद्यालय पढ्न पठाऔं ।
- सार्वजानिक स्थल, नदि एवं खोला नालामा फोहोर तथा ढल विर्षजन स्थल नबनाऔं ।

बौधीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सरमुजवा, रौतहट

## किन चाहिन्छ राष्ट्रिय सहमति ?

**डा. प्रल्हाद कार्की ।**

नेपाल अहिले जुन राजनीतिक संवेदनशीलता, अविश्वास, युवा असन्तोष र संक्रमणको मोडमा उभिएको छ । त्यही मोड धेरै देशहरूले पनि भोगेका थिए । तर, तीमध्ये जस-जसले राष्ट्रिय उद्देश्यमा साझा सहमति बनाउन सकेनन्, ती देशहरू दशकौंसम्म अशान्ति, □ुवीकरण र आर्थिक विनाशमा फसिरहे । यही अन्तर्राष्ट्रिय अनुभवहरूले नेपाललाई आज एकदमै स्पष्ट चेतावनी दिन्छन्,-राष्ट्रिय सहमतिबिना चुनाव गर्नु केवल नेतृत्व परिवर्तन होइन, अस्थिरताको पुनरुत्पादन हो ।

लेबनान यसको सबैभन्दा स्पष्ट उदाहरण हो, जहाा १९७५ देखि १९०० सम्म चलेको १५ वर्ष लामो गृहयुद्ध बाहिरी कारण होइन, आन्तरिक अविश्वास, शक्ति-समीकरण र राष्ट्र कुन उद्देश्यमा चल्ने भन्ने प्रश्नमा सहमति नबनेको कारणले सुरु भयो । संविधान परिवर्तन, अनेक सरकार र बारम्बार चुनाव भए । तर, कुनै दलले देशको साझा लक्ष्य के हो ? भन्ने प्रश्नमा सहमति निर्माण गरेन । अझ भयावह कुरा–लेबनानका राजनीतिक दलहरूले राष्ट्रिय उद्देश्य निर्माण गर्नुभन्दा आ^ नै …मिलिट्यान्टÚ क्याडर समूहहरू विस्तार गर्न प्रतिस्पर्धामा लागे । जसका कारण राष्ट्रको साझा उद्देश्य–शान्ति, विकास र नागरिकीय अस्तित्व–दलगत शक्ति–प्रदर्शनका बीच हरायो । र, लेबनान आजसम्म विश्वकै अस्थिर राष्ट्रहरूमध्ये एक रह्यो ।

यस्तै, इराकमा २००३ पछि शासन परिवर्तन, संविधान, चुनाव र शक्ति–हस्तान्तरण भए पनि स्थिरता कहिल्यै आएन, किनकि सुन्नी, शिया र कुर्दबीच राष्ट्रिय उद्देश्यमा साझा प्रतिज्ञा बनेन । दलहरूले राष्ट्रको दिशाभन्दा आ^ नै अस्तित्व र क्याडर नेटवर्कलाई प्राथमिकता दिए । परिणाम–वर्षौंसम्म हिंसा, अविश्वास, प्रशासनिक विफलता र आर्थिक पतन । श्रीलंकामा पनि सिंहली र तमिल राजनीतिक मोर्चाबीच क्याडर–आधारित शक्ति–प्रतिस्पर्धाले ३० वर्षको गृहयुद्ध जन्मायो–जहाा कोसिस शक्ति सन्तुलनमा खर्च भयो, राष्ट्रको साझा लक्ष्य भने सधैं परे ^ यांकियो । सुडानमा पनि दशकौंसम्म क्रान्ति, चुनाव, संविधान संशोधन र शासन परिवर्तन भए, तर सहमति नबनेको कारण देश दुई भागमा नै विभाजित हुन पुग्यो । राजनीतिक दलहरूले राष्ट्रिय मूल्य, शासन दर्शन र शान्तिको मार्गमा सहमति बनाउने सट्टा–आ^ नै सैन्य संरचना विस्तार गर्न प्रतिस्पर्धा गरे । परिवर्तन धेरै थिए, तर दिशा कहिल्यै बनेन । यी सबै उदाहरणहरूले एकै सत्य पुष्टि गर्छन्, जहाा राजनीतिक दलहरू राष्ट्रको सेवामा प्रतिस्पर्धा गर्दैनन, त्यहाा उनीहरू क्याडर–सेनाको आकारमा प्रतिस्पर्धा गर्छन् र जहाा क्याडर–प्रतिस्पर्धा बढ्छ, त्यहाा राष्ट्रिय उद्देश्य हराउाछ । क्याडर वादले राष्ट्र निर्माण गर्दैनन् । यो अन्ततः नागरिकहरूको हैसियत कमजोर पार्दै राज्यलाई दीर्घकालीन संकटतर्फ लैजान्छ । एक पलका लागि आाखा चिम्म पारेर सोच्नुस–यदि कुनै बदला, कुनै क्याडर, कुनै निजी लाभ तपाईंभित्र छैन भने, तपाई देशका लागि कुन निर्णय लिनुहुन्थ्यो ?

आजको नेपालमा पनि त्यही खतराको संकेत देखिन थालिएको छ । दलहरूको प्रतिस्पर्धा कसको संगठन ठूलो ? कसको मोर्चा बलियो ? कसको क्याम्पस कब्जा ? कसको परिचालन क्षमता ? जस्ता प्रश्नमा झर्दै गएको छ । तर, राष्ट्रका साझा उद्देश्य–रोजगारी, सुशासन, भ्रष्टाचार नियन्त्रण, पारदर्शिता, नवप्रवर्तन–दलहरूको प्रतिस्पर्धाको मुख्य क्षेत्र बन्न सकेका छैनन् । नेपाल विगत ७० वर्षमा ११ भन्दा बढी ऐतिहासिक राजनीतिक परिवर्तनबाट गुज्रियो–२००७ को क्रान्ति, २०४६ को बहुदल, २०६२-६३ को जनआन्दोलन, २०६५ को गणतन्त्र, २०७२ को संविधान, र तीनवटा ठूला राष्ट्रिय चुनाव ।तर, स्थिरता आएन । किनकि परिवर्तन धेरै भए, तर साझा राष्ट्रिय उद्देश्य कहिल्यै बनेन ।

नेपालका युवाहरूले उठाएको प्रश्न–राष्ट्र कहाा जाादैछ ? आजको सबैभन्दा वैध, साहसी र अनिवार्य प्रश्न हो । यसको उत्तर कुनै चुनावले दिन सक्दैन–यो उत्तर राष्ट्रिय सहमतिले मात्र दिन सक्छ ।

विश्व इतिहास आज नेपाललाई एकै स्वरमा सिकाइरहेको छ–सहमतिबिना परिवर्तन हुन्छ, तर स्थिरता हुादैन ।सहमतिबिना सरकार बन्छ, तर राष्ट्र बलियो हुादैन ।सहमतिबिना चुनाव हुन्छ, तर भविष्य सुरक्षित हुादैन ।नेपाल अहिले यस्तै संवेदनशील मोडमा छ । चुनाव गर्न आवश्यक छ–तर राष्ट्रका आधारभूत मूल्य, उद्देश्य र शासन–दिशामा सहमति नगरी चुनावमा हतारिनु देशलाई गम्भीर जोखिमतिर धकेल्न सक्छ ।

## मन्त्रिपरिषद्को निर्णय : उखुको अनुदान ७० रुपैयाा कायम, साढे ९४ हजार गरिब परिवार सूचीकृत

**काठमाडौ २२ मंसिर**– सरकारले किसानले उत्पादन गरेको उखुको मूल्यमा ७० रुपैयााले वृद्धि गरेको छ । मन्त्रिपरिषद्को सोमबार बसेको बैठकले उखुको न्यूनतम मूल्य वृद्धि गर्नेदेखि गरिब परिवार सूचीकृतसम्मको निर्णय गरेको छ ।

सरकारका प्रवक्ता तथा सञ्चार मन्त्री जगदीश खरेलका अनुसार मन्त्रिपरिषद्को बैठकले चालु आर्थिक वर्षका लागि किसानले उत्पादन गरेको उखुको न्यूनतम मूल्य वृद्धि गर्ने निर्णय भएको हो । सरकारले आर्थिक वर्ष २०८२/०८३ को लागि कृषकले उत्पादन गरेको उखुको न्युनतम खरिद भूल्य प्रतिक्विन्टल ६ सय २० निर्धारण गरेको उनले बताए । उखुको अनुदान रकम प्रतिक्विन्टल ७० रुपैयाा कायम गर्ने निर्णय भएको हो ।

त्यस्तै, २०८१ चैत्र १५ गते काठमाडौंको तीनकुनेमा भएको प्रदर्शनको क्रममा जलेर मृत्यु भएका पत्रकार सुरेश रजकलाई राज्यको तर्फबाट सहिद घोषणा गर्ने निर्णय भएको पनि मन्त्री खरेलले जानकारी दिए ।

सरकारले भदौ २३ र २४ गतेको जेन–जी प्रदर्शनका क्रममा घाइते तथा अपांग भएका व्यक्तिलाई राहत सहायता उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गरेको छ । जेन–जी घाइतेहरूको शिक्षा, स्वास्थ्य तथा रोजगारीको सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने निर्णय गरेको प्रवक्ता खरेलले बताए ।

सरकारले इलाम, कास्की, चितवन, झापा, तेह्रथुम, नवलपरासी, बर्दघाट सुस्तापूर्व, नवलपरासी बर्दघाट सुस्तापश्चिम, पर्वत, मोरङ, सुनसरीका ९४ हजार ५ सय २७ गरिब परिवारको सूची स्वीकृत गर्ने निर्णय गरेको छ ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व दोस्रो संशोधन नियमावली, २०८२ स्वीकृत गरेको छ । सरकारले नेपाल प्रशासन सेवा समूहिकरणतर्फको राजपत्राक्तित विशिष्ट श्रेणीको रिक्त सचिव पदमा सहसचिव राजेन्द् कुमार पौडेललाई बढुवा गरेको छ ।

## सरकारको निर्णय बदर गर्दै सर्वोच्चले भन्यो– मन्त्रीको प्रस्ताव प्रतिशोधपूर्ण देखियो

**काठमाडौं ,२२ मंसिर।** सर्वोच्च अदालतले नेपाल विद्युत प्राधिकरणका पूर्व कार्यकारी निर्देशक हितेन्द्र देव शाक्यलाई जल तथा ऊर्जा आयोगको ऊर्जा विशेषज्ञमा सरुवा गर्ने सरकारको निर्णय बदर गरेको छ। सर्वोच्च अदालतका न्यायाधीशहरू नहकुल सुवेदी र श्रीकान्त पौडेलको संयुक्त इजलासले ऊर्जा आयोगको विशेषज्ञको रूपमा सरुवा गर्ने निर्णय बदर गरेको छ सर्वोच्चको आदेशसागै शाक्य प्राधिकरणको कार्यकारी निर्देशकमा पुनःस्थापित हुने भएका छन्। सर्वोच्च अदालतले विभागीय मन्त्रीको प्रस्ताव नै प्रतिशोधपूर्ण रहेको आदेशमा उल्लेख गरेको छ। □नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकलाई सो पदबाट हटाउनु पर्दा नेपाल विद्युत प्राधिकरण कार्यकारी निर्देशक या महाप्रबन्धकको सेवाको शर्त तथा सुविधासम्बन्धी विनियावली २०६१ वा निजसाग गरिएको कार्यसम्पादन सम्झौतामा उल्लिखित प्रकृया र आधारमा हटाउन सकिनेमा सो बमोजिमको कुनै पनि प्रकृया अवलम्बन नगरी उक्त पदबाट हटाएको देखिादा निजलाई सो पदबाट हटाउने विपक्षी विभागीय मन्त्रीको प्रस्ताव नै पूर्वाग्रह र प्रतिशोधपूर्ण देखिन आयो। त्यस्तो प्रस्तावमा आधारित भई गरेको निर्णय तथा कामकारबाहीलाई स्वच्छ न्यायसंगत र उचित कारणमा आधारित निर्णय भनी मान्न मिलेन, □ आदेशमा भनिएको छ।

सिरौंसमाइको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक
जि.प्र.का.दर्ता ७८/२०७५/७६

# बाराका तीनजना प्रमुख प्रशासकिय अधिकृतको सरुवा



कलैया, मंसिर २२। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बारा जिल्लाका तीन स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुको सरुवा गरेको छ। मन्त्रालयले उपसचिव,प्रमुख प्रशासकीय अधिकृत,शाखा अधिकृत गरेर देशभरको ४९ जना कर्मचारीको आइतवार सरुवा गरेको छ।

बारा जिल्ला बाट सरुवा हुनेमा कोल्हवी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत प्रशासकीय अधिकृत पितानाथ लुइटेल रेहेका छन्। उनलाई सर्लाहीको लालबन्दी नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको पदमा मन्त्रालयले सरुवा गरेको छ। उनको स्थानमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव

रमेशश्रेष्ठलाई कामकाजकालागि आउने भएकाछन्। यस्तै सुवर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री श्याम चौधरीको बाराको करैयामाई गाउँपालिकामा सरुवा गरिएको छ। उनलाई प्रमुख प्रशासकीय अधिकृतको रूपमाकामकाजमा खटाइएको छ। करैयामाई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादवको शाखा अधिकृतको रूपमा भूमि व्यवस्थासहकारी तथा गरिबी निवारण मन्त्रालयमा सरुवा भएकोछ। प्रसौनी गाउँपालिकामा सोमवार प्रमुख प्रशासकीय अधिकृतको रुपमा नविन श्रीवास्तव हाजिर भएका छन्। गाउँपालिका अध्यक्ष विनोदप्रसाद जैसवाल र उपाध्यक्ष किरणा देवी लगायतले श्रीवास्तवलाई स्वागत गरेकाछन्।

# अदालतको निर्णयपछि विचल्लीमा परेका ५८ घरधुरीले कहिले पाउँछन् न्याय ?

**वीरगञ्ज,मंसिर२२।** वीरगञ्ज महानगरपालिका–१६, नगवाका ५८ घरधुरी परिवार अदालतको निर्णयपश्चात् हकभोगको अधिकार गुमाउने सक्तटमा परेका छन्। लामो समयदेखि बसोबास गर्दै आएको जग्गाको स्वामित्व अर्को पक्षको नाउमा कायम भएपछि करोडौं लगानी गरेका परिवारहरू कहिले न्याय पाउने हुन् भन्ने चिन्ता र अन्योलमा छन्।

गोपालजी प्रसाद कलवार र बलराम कलवारका छोराछोरीहरूबीचको अंश विवादको चपेटामा परेर ५८ घरधुरीले उपभोग गर्दै आएको करिब १६ कठ्ठा जग्गा र त्यसमा बनेका संरचनाको स्वामित्वमाथि अहिले प्रश्न उठेको छ।

यो जग्गा विवादको जग २०५१ साल असार ९ गते पर्सा मालपोत कार्यालयमा भएको कलवार दाजुभाइ ९गोपालजी र बलराम) बीचको अंशबण्डाबाट सुरु हुन्छ। अंशबण्डाअनुसार वीरगञ्ज–१६ स्थित ६४ कठ्ठा जग्गा अवण्डा ९संयुक्त स्वामित्व० का रूपमा राखिएको थियो, जसमध्ये ३२–३२ कठ्ठा दुवै दाजुभाइको भागमा पर्ने सहमति थियो। बलराम कलवारले आफनो भागको ३२ कठ्ठा जग्गा २०६२ जेठ २७ गते बाराका सुमेश्वर प्रसाद कुशवाहा लाई बिक्री गरेका थिए। कुशवाहाले पछि सो जग्गा वीरगञ्जका ज्योतिलाल कलवारको समूह लाई बिक्री गरे, जसले ११६ प्लट निकाली विभिन्न व्यक्तिहरूलाई बेचेका थिए, जसमध्ये ५८ घरधुरी अहिले पीडित बनेका छन्। **मालपोतकोभूलले निम्त्याएको सक्तट** गोपालजी र बलरामको सहमतिअनुसार बलरामको अंशको जग्गा बिक्री भएपछि बााकी रहेको ३२ कठ्ठा जग्गा गोपालजीको नाउामा दाखिल खारेज गरी एकल स्वामित्व कायम हुनुपर्ने थियो। तर, बलराम र कुशवाहाबीचको जग्गा लेनदेनमा लेखापढी गरेका तथा हाल वडाध्यक्ष शम्भु प्रसाद मिश्र का अनुसार गोपालजीले राजस्व बढी भएको भन्दै दाखिला खारेज गर्ने काम त्यसबेला नगराएपछि जग्गा संयुक्त नाउामा कायम रहन गयो। बलराम कलवारको मृत्युपछि उनकी पत्नी शान्तिदेवी ले यही संयुक्त पुर्जालाई आधार बनाएर मालपोतमा पुगी पतिको नाउामा आ ँनो नाम कायम गराइन्। शान्तिदेवीले जिल्ला अदालतमा मुद्दा दायर गरेर गोपालजीको हकमा परेको ३२ कठ्ठा जग्गामध्ये १६ कठ्ठामा आ ँनो स्वामित्व कायम गर्न सफल भइन्।

शान्तिदेवीले जेठाजुको अंशमा परेको जग्गामा हक कायम गरेपछि गोपालजीका छोराहरू (सञ्जय कुमार कलवार लगायत) ले अदालत पुगी २० वर्षअघि बिक्री भइसकेको ३२ कठ्ठा जग्गामध्ये १६ कठ्ठामा समेत आ ँनो हक कायम गराइदिए। यस अदालती फैसलापछि नै नगवाका ५८ घरपरिवारको सम्पत्तिको स्वामित्व सक्तटमा परेको हो।

**पीडित र साक्षीको दाबी**

जग्गा खरिदकर्ता सुमेश्वर कुशवाहाका अनुसार उनले बलरामको हिस्सामा परेको ३२ कठ्ठा जग्गा खरिद गरेका थिए। उनले बलरामको अंशभागको जग्गाको पैसा बलराम कलवारकै नाउामा रहेको राष्ट्रिय वाणिज्य बैंक र माछापुच्छे बैंकको खातामा जम्मा गरिदिएको बताए।

गोपाल र बलराम दाजुभाईको सहमतिमा मैले खरिद गरेको ३२ कठ्ठा जग्गा बलरामको हिस्साको भएकोले पैसा पनि बलरामको खातामा जम्मा गरिदिएको हा, कुशवाहाले भने। जग्गा खरिद विक्रीको लेखापढी गरेका शम्भु मिश्र समेत यस बिषयमा जानकार रहेको कुशवाहाको भनाई छ।

लेखापढी व्यवसायी शम्भु प्रसाद मिश्र ले पनि विक्री भएको ३२ कठ्ठा जग्गा बलरामजी कलवारको हिस्सामा रहने गरी दुवै दाजुभाइबीच सहमति भएको बताए। म त पंडितको छोरा सत्य कुरा बोल्नु पर्छ, विक्री भएको ३२ कठ्ठा बलरामको हिस्साको हो। जग्गा विक्री बपातको रकम समेत उनले एकलौटी बुझेका हुन। मिश्रका अनुसार राजस्वको शुल्क बुझाउन नमानेका कारण नै गोपालजीको नाउामा रहेको जग्गा पनि संयुक्त नाममा कायम रहन गएको हो। राजश्व वापत लाग्ने रकम घटाउने चक्करमा गोपालजी पर्नु भयो, मिश्रले भने "गोपालजीले तत्कालै राजश्व बापत लाग्ने शुल्क तिरेर एकल स्वामित्व कायम नगरेको कारण उनका छोराहरु र नगवाका ५८ घरधुरी मर्कामा परे। वीरगञ्ज महानगरपालिका वडा नं. २६ को वडा अध्यक्ष समेत रहेका मिश्रले भने, "गोपालजीको हिस्सामा परेको ३२ कठ्ठा जग्गामा शान्ति देवीले गरेको दावी छोड्नु पर्ने र विक्री भइसकेको जग्गामा अदालतले अंश लगाएपनि उक्त मुद्दा गोपालजीका छोराहरुले फिर्ता लिनु पर्छ।" गोपाल र बलराम दाजुभाई विच भएको सहमति कार्यान्वयमा गएपछि मात्र नगवाका ५८ घरधुरीले न्याय पाउन सक्ने मिश्रको भनाई छ।

यता, बलराम कलवारकी छोरी अमृता कलवार ले भने बुबा र ठूलो बुबाबीच भएको सहमतिबारे आफूहरू बेखबर रहेको बताइन्। बुवाको अंश खाने छोरा नभएकोले त्यसको अंशियार स्वतः छोरी हुने भएकोले हामीले आमाको पक्षमा कानुनी लडाईं लड्नु परेको हो र कानून अनुसार नै अगाडि बढ्नेछौं, अमृताले भनिन्।

**न्यायिक उपचारको माग**

विक्री भइसकेको जग्गामाथि हक कायम गरिएपछि ५८ घरपरिवारको आग्रहमा मूल खरिदकर्ता सुमेश्वर प्रसाद कुशवाहा समेत अदालतको शरणमा पुगेका छन्।कुशवाहाले बलरामकी पत्नी शान्तिदेवी कलवारिनविरुद्ध लेनदेन मुद्दा दायर गर्दै रु ३९ लाख ५३ हजार ९ सय क्षतिपूर्ति दिलाइदिन माग गरेका छन्। फिरादमा उल्लेख भएअनुसार, गोपालका छोराहरूले लिखत तथा दर्ता बदरु मागदाबीसहित अदालतमा मुद्दा दायर गरेपछि सो दर्ता बदर भएको थियो र उच्च अदालतले पनि जिल्ला अदालतको फैसलालाई सदर गरेको थियो। जिल्ला र उच्च अदालतलाई समेत गुमराहमा पारेर केही विचौलियाहरूले गोपालजी प्रसाद कलवारको हकमा रहेको सम्पत्ति हत्याउने योजना बनाएको र त्यसैअनुरूप विक्री भएको जग्गामा समेत गोपालजीका छोराहरूको हक कायम गराइएको हुन सक्ने भनाइ पीडित जग्गा धनीहरूको छ। २० वर्षअघिको लेनदेनको झमेलामा फसेका यी ५८ घरपरिवारका लागि न्यायको बाटो अझै अनिश्चित देखिएको छ। कानूनी जटिलताको भूमरीमा फसेका नगवाका सर्वसाधरणले कहिले पाउालान् उन्मुक्ति ?

# १२ बर्षदेखि संतगञ्जको छोटी भन्सार कार्यालय बन्द



***कलैया, २२ मंसिर***

बाराको सुवर्ण गाउँपालिका वडा नम्बर ३ संतगञ्जमा रहेको छोटी भन्सार कार्यालय बिगत १२ बर्षदेखि बन्द अवस्थामा रहेको छ। छोटी भन्सार कार्यालय बन्द हुदाँ स्थानीय उपभोक्ता, खुद्रा तथा स साना ब्यापारीहरु मारमा परेका छन छोटी भन्सार कार्यालय संचालनमा नआउदा स्थानीय उपभोग्ता तथा ब्यापारीहरुलाई सिमावर्ती भारतीय बजारमा दैनिक उपभोग्य मालसमान खरिद गर्न समस्या भएको संतगञ्ज बिनोद गिरीले बताएका छन। बीरगञ्ज भन्सार कार्यालयले कर्मचारी नपठाएका कारण २०७० साल देखि नै छोटी भन्सार कार्यालय बन्द भएको गिरीले जानकारी दिए। छोटी भन्सार सञ्चालन हुदाँ स्थानीय ब्यापारीहरुलाई सिमावर्ती भारतिय बजार छौडादानो बाट माल समान खरिद गर्न सहज हुने गरेको थियो।स्थानीय सरकार आएपछि अहिले सम्म कसैले छोटी भन्सार कार्यालय सञ्चालन गर्नुपर्छ भनी चासो न लिएको गिरीले बताए। छोटी भन्सार कार्यालय सञ्चालन नभएका कारण सिमा नाका बाट हुने माल समानको तस्करी समेत बढेको उनको भनाई छ।

भन्सार कार्यालय सञ्चालन भयो भने सिमा नाकाबाट हुने तस्करी समेत घटने र नेपाल सरकारको राजस्व संकलन समेत हुने गिरी बताउछन। यता सिमा नाकामा सुरक्षाकर्मीले जति निगरानी बढाएपनि अबैध माल समानको तस्करी नियन्त्रण हुन भने सकेको छैन।

# छपकैया थोक तरकारी बजार संचालनमा, तीन दशकको जग्गा विवादको अन्त्य

वीरगन्ज,मसिर२२। वीरगन्ज महानगरपालिकाले वडा नम्बर २, छपकैया क्षेत्रमा निर्माण गरेको नयाँ तरकारी तथा फलफूल थोक बजार आइतबारदेखि औपचारिक रूपमा सञ्चालनमा आएको छ। लामो समयदेखि अव्यवस्थित ठाउँमा कारोबार गर्दै आएका किसान र व्यापारीका लागि यो संरचना स्थायी समाधानका रूपमा आएको छ।

उद्घाटन समारोहमा महानगर प्रमुख राजेशमान सिंहले छपकैया थोक बजारलाई "स्थानीय पहिचानमा जोडिएको परियोजना" का रूपमा व्याख्या गरे। उनले बजार सफा र व्यवस्थित राख्न स्थानीयवासीको सक्रियता अहम हुने बताउँदै भने, "यो बजार छपकैयावासीकै नाम, पहिचान र भविष्यसँग जोडिएको छ। यहाँको संरक्षण र व्यवस्थापन सामुदायिक जिम्मेवारी हो।" सिंहले बजार निर्माणको योजना दुई वर्षअघि नै तयार भए पनि वीपी उद्यानमा बसेका व्यापारी अन्यत्र सार्न ढिलाइ हुँदा काम अगाडि बढ्न नसकेको स्पष्ट पारे। उनका अनुसार उद्यानलाई हरित पार्कका रूपमा विकास गर्ने रणनीतिअनुरूप त्यहाँको पुरानो अव्यवस्थित बजारलाई छपकैया स्थानान्तरण गरिएको हो। "वैभव वीरगन्ज" को लक्ष्यअन्तर्गत हरित क्षेत्र विस्तार, सेवामा सुधार र बजार व्यवस्थापन प्रमुख प्राथमिकता भएको उनले दोहोर्याए।

उद्घाटन कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भोला दाहालले नयाँ बजारले किसान र उपभोक्ता दुवैलाई राहत दिने बताए। "पहिले किसानहरूलाई सडक किनारमै उत्पादन बेच्नुपर्ने बाध्यता थियो। अब उनीहरूले व्यवस्थित ठाउँ पाएका छन्, उपभोक्ताले पनि सफा र नियमन भएको बजार पाउनेछन्," दाहालले भने।महानगरका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णका अनुसार बजारको पहिलो चरणमा ७० लाख रुपैयाँ खर्च गरेर १४ युनिट निर्माण गरिएको छ, जसमा २८ वटा सटर सञ्चालनमा आएका छन्। बिजुली, पानी, शौचालय, ढल व्यवस्थापन र सुरक्षा व्यवस्थासहित आधारभूत पूर्वाधार उपलब्ध गराइएको उनले जानकारी दिए। दोस्रो चरणमा थप ७० लाख रुपैयाँ लगानी गर्दै युनिट संख्या बढाइने र संरचनालाई क्षमता विस्तार गरिने योजना रहेको छ।उनका अनुसार खुद्रा र थोक बाजारलाई अलग संरचनाबाट सञ्चालन गरिने भएकाले व्यवसायीले दीर्घकालीन हिसाबले लगानी र कारोबार योजना बनाउन सजिलो हुनेछ। यो बजारले प्रत्यक्ष-अप्रत्यक्ष रोजगार सिर्जना गर्नेछ, कर्णले बताए। तीन दशकको विवादको अन्त्य बजार निर्माण गरिएको करिब तीन दशकदेखि विवादित जग्गा कानुनी रूपमा सार्वजनिक कायम भएपछि मात्र निर्माण सम्भव भएको महानगरको दाबी छ। ताराचन्द केडिया, जगदीश नारायण साह कानु, इन्दु देवी, तारणी विक्रम शाहलगायतले दाबी गर्दै आएको यो जग्गा २०४६ को नयाँ नापीमा 'महल खाली' रहेको, कुनै स्वामित्व नदेखिएको र त्यसैका आधारमा पुनः सार्वजनिक कायम गरिएको महानगरले जनाएको छ। विभिन्न समूहले नक्कली कागजात बनाएर जग्गा कब्जा प्रयास गरेपछि २०८० असोज २६ गते महानगर बोर्डले मालपोतमा दाबी खारेज गर्न निवेदन दिएको थियो। मालपोत कार्यालयले १६ असोज २०८१ मा सबै दाबी अस्वीकार गर्दै जग्गा नेपाल सरकारका नाममा दर्ता गरेको छ, जसपछि निर्माण कानुनी रूपमा सुरक्षित भएको हो। उद्घाटन कार्यक्रमका सहभागी व्यापारीहरूले बजार अब दीर्घकालीन रूपमा सञ्चालन हुने आशा व्यक्त गरे उनीहरूका अनुसार स्थायी पूर्वाधार बनेसँगै भण्डारण, गुणस्तरीय बिक्री प्रणाली र किसानसँग सीधा कारोबार अझ सहज हुनेछ।

सत्य तथ्य र निष्पक्ष सामाचारका लागि शुभम सन्देश राष्ट्रिय दैनिक